# हरिपुर नगरपालिका
# राजपत्र

## सर्लाही जिल्ला, मधेश प्रदेश, नेपाल

## हरिपुर नगरपालिकाद्वारा प्रकाशित

बर्ष ४ अंक १४ २०७९ चैत्र ३ गते, शुक्रबार

यस नगरपालिकाबाट स्वीकृत भएको स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि,२०७६ स्थानीय सरकार संचालन ऐन,२०७४ बमोजिम सार्वजनिक जानकारीको लागि देहाय बमोजिमको ऐन प्रकाशन गरिएको छ ।

# हरिपुर खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्ड ऐन, २०७९

प्रमाणिकरण र प्रकाशन मितिः २०७९।११।३०

संशोधन मितिः २०८२।०२।३०

**२०७९ सालको ऐन नं. १**

**सर्लाही जिल्ला हरिपुर नगरपालिकामा व्यवस्थित खानेपानी, सरसफाई तथा स्वच्छताको आधारभूत सेवा प्रवाहको सुनिश्चितता गर्न खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्डको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावना**

नेपालको संविधान २०७२ को मौलिक हक अन्तर्गत धारा ३५ (४) को व्यवस्था र राज्यशक्तिको बाँडफाँड अन्तर्गत धारा ५७ (४) र सो संग संवन्धित अनुसूची ८ को बुँदा नं. ९ र १९ बमोजिम खानेपानी तथा सरसफाई सेवा स्थानीय तहको एकल अधिकार क्षेत्र भित्र रहेकोले सर्लाही जिल्लाको हरिपुर नगरपालिकामा खानेपानी, सरसफाई तथा स्वच्छता सेवालाई नियमित, व्यवस्थित, गुणस्तरयुक्त र सुलभ बनाई नगरपालिका क्षेत्रका बासिन्दालाई गुणस्तरीय तथा भरपर्दो खानेपानी, सरसफाई तथा स्वच्छता सेवा प्रदान गर्न गराउन उचित र प्रभावकारी व्यवस्था गर्नको लागि खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्डको स्थापना र सञ्चालन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधान २०७२ बमोजिम हरिपुर नगरपालिकाले यो ऐन बनाएको छ।

## परिच्छेद–१

## प्रारम्भिक

१. **संक्षित नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "हरिपुर खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्ड ऐन, २०७९" (Haripur Water Supply and Sanitation Management Board Act-2023) रहेको छ।

(२) यो ऐन हरिपुर नगरपालिकाको राजपत्रमा प्रकाशित भएको मिति देखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "बोर्ड" भन्नाले दफा ३ बमोजिम सर्लाही जिल्ला हरिपुर नगरपालिकामा गठन भएको खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्ड सम्झनु पर्छ।

(ख) "समिति" भन्नाले दफा ९ बमोजिम गठन भएको बोर्डको कार्यकारी समिति सम्झनुपर्छ।

(ग) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ र सो शब्दले अध्यक्षको अनुपस्थितिमा अध्यक्षको काम गर्ने अन्य कुनै व्यक्ति समेतलाई जनाउँछ।

(घ) "सदस्य" भन्नाले कार्यकारी समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष समेतलाई जनाउँछ।

(ङ) “नगरपालिका” भन्नाले नेपालको संविधान २०७२ बमोजिम सर्लाही जिल्लाको हरिपुर नगरपालिका सम्झनु पर्छ।

(च) “संस्थान” भन्नाले नेपाल खानेपानी संस्थान ऐन, २०४६ बमोजिम स्थापित नेपाल खानेपानी संस्थान सम्झनु पर्छ।

(छ) “भौगोलिक क्षेत्र” भन्नाले बोर्डले खानेपानी वा सरसफाई सेवा सञ्चालन तथा व्यवस्थापन गर्न गराउन दफा ५ बमोजिम तोकेको क्षेत्र सम्झनु पर्छ।

(ज) “प्राकृतिक पानी” भन्नाले सनातन देखि ढुङ्गेधारा, कुवा, नदी, खोला, इनार, पोखरी, ताल वा सतही प्राकृतिक स्रोतबाट निःसृत भएको वा भूमिगत स्रोतबाट निकालिएको पानी सम्झनुपर्छ।

(झ) “खानेपानी सेवा” भन्नाले प्राकृतिक पानीलाई आवश्यकता अनुसार प्रशोधन तथा शुद्धिकरण गरी उपभोक्तालाई स्वच्छ खानेपानी उपलब्ध गराउने काम सम्झनु पर्छ।

(ञ) “सरसफाई सेवा” भन्नाले मानव मलमूत्रबाट वा घरेलु, व्यापारिक वा औद्योगिक उपयोग पश्चात् निष्काशन भएको फोहर पानी तथा त्यस्तो पानीमा मिश्रित सबै किसिमका फोहर पदार्थलाई नष्ट गर्ने, निष्काशन गर्ने, प्रशोधन गर्ने वा शुद्धिकरण गर्ने काम सम्झनु पर्छ।

(ट) "स्वच्छता सेवा" भन्नाले खानेपानी तथा सरसफाई संग सम्वन्धित उन्नत आनिबानिको विकास भई सो आनिबानिको निरन्तर अभ्यास भएको सम्झनु पर्दछ।

(ठ) “सेवा” भन्नाले खानेपानी, सरसफाई तथा स्वच्छता सेवा सम्झनु पर्छ।

(ड) “अनुमतिपत्र” भन्नाले सेवा सञ्चालन तथा व्यवस्थापन गर्न सेवाप्रदायकलाई दिइएको अनुमतिपत्र सम्झनु पर्छ।

(ढ) “सेवाप्रदायक” भन्नाले महसुल लिई सेवा उपलब्ध गराउने कुनै व्यक्ति, उपभोक्ता समूह वा संगठित संस्था सम्झनु पर्छ र सो शब्दले बोर्डसँग सम्झौता गरी सेवा प्रदान गर्ने अन्य कुनै व्यक्ति समेतलाई जनाउँछ।

(ण) “सेवा प्रणाली” भन्नाले खानेपानी वा सरसफाई सेवा प्रदान गर्ने उद्देश्यले निर्माण वा जडान गरिएको पाइप, जलाशय वा खानेपानी, फोहर पानी वा ढल मिसिएको पानी प्रशोधन वाशुद्धिकरण गर्ने प्लाण्ट वा त्यस्तै किसिमका अन्य उपकरण वा संरचना सम्झनु पर्छ।

(त) “महसुल” भन्नाले वोर्ड वा सेवाप्रदायकले सेवा प्रदान गरेबापत उपभोक्ताबाट लिन पाउने महसुल सम्झनु पर्छ।

(थ) “व्यवस्थापक” भन्नाले दफा १५ बमोजिम नियुक्त बोर्डको व्यवस्थापक सम्झनुपर्छ।

(द) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ध) “उपभोक्ता समिति” भन्नाले खानेपानी तथा सरसफाई सेवा निर्माण, संचालन तथा व्यवस्थापन कार्यमा संलग्न बोर्ड गठन पुर्व कायम रहेका खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई सम्झनु पर्दछ ।

(न) “व्यवस्थापन उपसमिति” भन्नाले बोर्डमा आवद्ध भए पश्चात रुपान्तरण भएका खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरु सम्झनु पर्दछ ।

हरिपुर नगरपालिका

## परिच्छेद–२

## बोर्डको गठन तथा काम, कर्तव्य र अधिकार

**३. बोर्ड गठन गर्न सक्नेः**

(१) नगरपालिकाले आफ्नो राजपत्रमा सूचना प्रकाशन गरी यो ऐन प्रारम्भ हुँदाका बखत कुनै सरकारी वा गैरसरकारी निकाय वा संस्थान वा उपभोक्ता समितिले सञ्चालन गरिरहेको एक वा एक भन्दा बढी खानेपानी, सरसफाई तथा स्वच्छता सेवा प्रणाली तथा सेवालाई प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन गर्न गराउन नगर प्रमुख संरक्षक रहने गरि हरिपुर नगर खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्ड गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सेवा प्रणाली तथा सेवा नगरपालिकाको केही वा पूरैभागमा संचालन भईरहेको रहेछ भने सो भाग समेतलाई उपदफा (१) बमोजिम गठन हुने बोर्डको भौगोलिक क्षेत्र भित्र समावेश गर्न सकिनेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिका क्षेत्र भित्र सरकारी निकाय वा नगरपालिका वा संस्थान वा उपभोक्ता समितिबाट संचालित कुनै पनि सेवा प्रणाली वा सेवा, सम्पत्ति तथा दायित्व बोर्डलाई हस्तान्तरण गर्न संवन्धित खानेपानी आयोजनाले आफ्नो समितिमा निर्णय गराई बोर्ड समक्ष निवेदन दिनु पर्नेछ । यसरी हस्तान्तरण भएका योजनाहरु अन्तर्गत निर्मित विभिन्न संरचना, जडित उपकरणहरु तथा सेवा प्रणाली बोर्डमा स्वत सरेको मानिनेछ । यस ऐन बमोजिम बोर्डलाई आयोजना हस्तान्तरण गरि संचालन तथा व्यवस्थापन गर्न गराउन देहायका विवरणहरु सहित बोर्डमा पेश गर्नु पर्ने दायित्व बोर्ड गठन पूर्व वा बोर्डमा हस्तान्तरण हुनु पूर्व आयोजना व्यवस्थापन तथा संचालन गरिरहेको निकायको हुनेछ।

(क) सेवा सञ्चालन तथा व्यवस्थापन गरिने भौगोलिक क्षेत्र,

(ख) सेवा सञ्चालन तथा व्यवस्थापन गरिने क्षेत्रभित्र रहेको वा सोसँग सम्बन्धित पानीको स्रोतको स्थिति,

(ग) उपभोक्ताको अनुमानित संख्या तथा सेवा मागको विवरण,

(घ) सेवा सञ्चालन गर्नको लागि लाग्ने अनुमानित लागत,

(ङ) सेवा सञ्चालन, व्यवस्थापन, सोको मर्मत सम्भार तथा सुधार वा सेवा विस्तारको लागि तयार गरिएको दीर्घकालीन योजना,

(च) सेवालाई प्रभावकारी र गुणस्तरयुक्त बनाउन तयार गरिएको कार्य योजना,

(छ) कुनै सरकारी निकाय वा उपभोक्ता समितिले सञ्चालन गरिरहेको सेवा प्रणालीलाई बोर्डमा हस्तान्तरण गरी सेवा सञ्चालन गर्न त्यस्तो सेवा प्रणालीसँग आबद्ध सम्पत्ति तथा दायित्व र सो को हस्तान्तरण गर्ने तरीका तथा तत्सम्बन्धी अन्य व्यवस्था, र

(ज) तोकिए बमोजिमका अन्य कागजातहरु।

हरिपुर नगरपालिका

४. **बोर्ड स्वशासित संस्था हुनेः**

(१) बोर्ड अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्था हुनेछ।

(२) बोर्डको काम कारबाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) बोर्डले व्यक्ति सरह चल, अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ।

(४) बोर्डले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र बोर्ड उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ।

५. **बोर्डको भौगोलिक क्षेत्रः**

(१) दफा ३ बमोजिम गठन हुने बोर्डको भौगोलिक क्षेत्र त्यस्तो बोर्ड गठन गर्दाका बखत नगरपालिकाले आफ्नो राजपत्रमा प्रकाशन गरेको सूचनामा तोकिदिए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको बोर्डको भौगोलिक क्षेत्र कुनै कारणले थपघट वा हेरफेर गर्नु परेमा सोको पर्याप्त कारण सहित बोर्डले नगरपालिका समक्ष आवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन परेमा नगरपालिकाले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ।

(४) उपदफा (३) बमोजिम जाँचबुझ गर्दा बोर्डको भौगोलिक क्षेत्र थपघट वा हेरफेर गर्न उपयुक्त देखेमा नगरपालिकाले आफ्नो राजपत्रमा सूचना प्रकाशन गरी बोर्डको भौगोलिक क्षेत्र थपघट वा हेरफेर गर्न सक्नेछ।

६. **बोर्डको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) सेवा प्रणाली प्राप्त, निर्माण, विस्तार, सुधार तथा पुनर्स्थापना गर्ने गराउने,

(ख) सेवाको उपयोग सम्बन्धी नीति बनाई कार्यान्वयन गर्ने गराउने,

(ग) खानेपानीको दुरुपयोग रोक्ने तथा खानेपानी प्रदूषित हुन नदिने,

(घ) खानेपानीको स्रोत, वितरण तथा सरसफाई सम्बन्धमा अध्ययन, अनुसन्धान तथा सर्वेक्षण गर्ने गराउने,

(ङ) सेवा प्रणाली सम्बन्धी अल्पकालीन तथा दीर्घकालीन योजना तयार गरी कार्यान्वयन गर्ने गराउने,

(च) सेवा सञ्चालनको लागि आवश्यक पर्ने लगानी निश्चित गरी सोको योजना तयार गर्ने र आर्थिक स्रोतको व्यवस्था गर्ने गराउने,

(छ) सेवाको विस्तार तथा विकासका लागि आवश्यक पर्ने रकमको स्रोत पहिचान गरी प्राप्त गर्ने,

(ज) खानेपानी, सरसफाई तथा स्वच्छता सेवाको महसुल दर निर्धारण गर्ने/गराउने,

(झ) गुणस्तरयुक्त र प्रभावकारी सेवा प्रदान गर्न आवश्यक प्रबन्ध गर्ने,

(ञ) सेवाप्रदायकलाई सेवा प्रदान गर्न अनुमतिपत्र प्रदान गर्ने वा सेवाप्रदायकसँग सम्झौता गरी सेवा प्रदान गराउन सक्ने,

(ट) उपभोक्तालाई प्रदान गर्ने सेवाबापत निर्धारित महसुल असूल गर्ने गराउने,

(ठ) सेवाप्रदायकले सेवा प्रदान गर्दा कुनै उपभोक्तालाई पीरमर्का पर्न गएमा सोउपर सुनुवाई गरी उपयुक्त उपचार दिने,

(ड) खानेपानी वितरणका सवै पक्षहरुमा क्षति पुऱ्याउने पक्षहरुबाट दण्ड सजायको लागि नीति तय गरी कार्यान्वयन गर्ने गराउने ।

(ढ) विद्यमान खानेपानी उपभोक्ता समितिलाई बोर्ड मार्फत खानेपानीलाई व्यवस्थापन गर्न अभिप्रेरित गर्न आवश्यक कार्य गर्ने गराउने ।

(ण) बोर्डले कुनै संघ संस्था तथा निकायसँग सह-लगानीमा खानेपानी सम्बन्धी क्रियाकलाप गर्ने गराउने ।

(त) सेवा सञ्चालनका लागि आवश्यक पर्ने नियमित अनुगमन तथा तोकिए बमोजिमका अन्य काम गर्ने।

(थ) फोहोर व्वस्थापन कार्य गर्ने गराउने।

(द) समुदायमा सरसफाई संवन्धी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गर्ने गराउने ।

(ध) प्रत्येक बर्ष साधारण सभा गर्ने गराउने ।

**७. बोर्डले सेवा सञ्चालन गर्ने गराउनेः**

(१) बोर्डले सञ्चालन गर्नु पर्ने सेवा आफैले वा आवश्यकता अनुसार सेवाप्रदायकलाई अनुमतिपत्र प्रदान गरी वा निजसँग सम्झौता गरी सञ्चालन गर्न गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम सेवा प्रदायकलाई अनुमतिपत्र प्रदान गर्दा वा निजसँग सम्झौतागर्दा बोर्डले आवश्यक शर्त तोक्न सक्नेछ।

(३) सेवा प्रदायकले पालना गर्नु पर्ने शर्तहरु अनुमतिपत्र वा सम्झौतामा उल्लेख भए बमोजिम हुनेछन्।

(४) अनुमतिपत्रको ढाँचा तथा सम्झौतामा उल्लेख हुनु पर्ने कुरा तोकिए बमोजिम हुनेछ।

**८. पानी उपभोग तथा वितरण सम्बन्धी अधिकार सर्नेः**

(१) स्थानीय उपभोक्ता, सरकारी तथा गैरसरकारी संस्था र संस्थानले सञ्चालन र व्यवस्थापन गरेको सेवा प्रणाली बोर्डमा हस्तान्तरण भएमा संस्थानले सेवा प्रदान गर्न उपयोग गरेको पानीको सम्पूर्ण स्रोतमा बोर्डको अधिकार हुनेछ।

(२) उपदफा (१) बमोजिम स्थानीय उपभोक्ता, सरकारी तथा गैरसरकारी संस्था र संस्थानबाट हस्तान्तरण भएको सेवा प्रणालीको उपयोग, सञ्चालन तथा मर्मत सम्भार वा पुनर्स्थापन गर्ने क्रममा सार्वजनिक वा व्यक्तिगत घर जग्गामा पाइप राख्ने वा संरचनाको पुनर्निर्माण वा पुनर्स्थापन गर्ने सम्बन्धमा बोर्डलाई संस्थानलाई भए सरहको अधिकार हुनेछ।

## परिच्छेद–३

## कार्यकारी समितिको गठनसम्बन्धी व्यवस्था

**९. कार्यकारी समितिको गठनः**

(१) ऐनको दफा ३ बमोजिम गठन भएको बोर्डको तर्फबाट सम्पादन गर्नु पर्ने सम्पूर्ण काम कारबाही सुचारु रुपले सम्पादन गर्न एक कार्यकारी समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरु रहनेछन्ः–

(क) खानेपानी योजना संचालनमा वा निर्माणको चरणमा रहेका वडाहरुको निर्वाचित वडाअध्यक्षहरु मध्ये वाट नगरपालिकाले तोकेका बढीमा ६ जना -सदस्य

(ख) खानेपानी, सरसफाई तथा स्वच्छता सेवा हेर्ने नगरपालिका सदस्य - सदस्य

(ग) नगरपालिकाको खानेपानी, सरसफाई स्वच्छता सेवा हेर्ने शाखा प्रमुख - सदस्य

(घ) हाल बोर्ड अन्तर्गत संचालन भई रहेका वा हुने प्रत्येक व्यवस्थापन उपसमिति वा खानेपानी तथा सरसफाई उपभोक्ता समितिका पदाधिकारीहरुले आफु मध्येवाट छानेका कम्तिमा एक महिला सहितका २-२ जनप्रतिनिधिहरुवाट समितिले मनोनयन गरेका कम्तिमा एक महिला सहित जम्मा ३ (तिन) जना -सदस्य

(ङ) खानेपानी तथा सरसफाई क्षेत्रमा कार्यरत स्थानीय गैरसरकारी संस्थाहरु मध्येबाट समितिले मनोनयन गरेको एकजना स्थानीय प्रतिनिधि - सदस्य

(च) खानेपानी तथा सरसफाई सेवा क्षेत्रका विज्ञहरुमध्येबाट समितिले मनोनयन गरेको एकजना स्थानीय प्रतिनिधि - सदस्य

(३) उपदफा (२) बमोजिम सदस्य मनोनयन गर्दा उपलब्ध भएसम्म महिलालाई प्राथमिकता दिनु पर्नेछ।

(४) उपदफा (२) बमोजिम मनोनीत पदाधिकारीहरु जुन जुन निकायहरुको प्रतिनिधित्व गरिरहेका हुन्छन, कुनै कारणबश ति निकायहरुमा, ति, व्यक्तिहरु परिवर्तन भएमा पाँच बर्ष अगावै पनि सम्बन्धित निकायको पत्रको आधारमा सम्बन्धित पदाधिकारी परिवर्तन हुनेछन ।

(५) समितिका सदस्यहरुले आफुहरु मध्येबाट छानेको व्यक्ति समितिको अध्यक्ष हुनेछ। तर दफा ९ को उपदफा २(ग), २(ङ) र २(च) को व्यक्ति अध्यक्ष हुने छैन।

(६) बोर्डले छलफलका विषयवस्तुहरु अनुसार खानेपानी तथा सरसफाई क्षेत्र हेर्ने जिल्ला स्थित कार्यालय र खानेपानी तथा सरसफाई क्षेत्रका अन्य विषय विज्ञहरुलाई बोर्डको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(७) समितिका सदस्यले आफ्नो कार्य सम्हाल्नुअघि अनुसूची-१ मा उल्लेख भए बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ।

(८) उपदफा २(घ) बमोजिम मनोनयन गर्दा एक उपभोक्ता समितिबाट १ भन्दा बढी सदस्य नहुने गरी गर्नु पर्नेछ । साथै एक कार्यकाल पश्चात अर्को कार्यकालको लागि समितिमा मनोनयन गर्दा उपलब्ध भए सम्म पहिले भन्दा फरक खानेपानी तथा सरसफाई उपभोक्ता समितिको प्रतिनिधिलाई प्राथमिकता दिनु पर्नेछ।

(९) व्यवस्थापकले समितिको सचिव भई काम गर्नेछ।

१०. **सदस्यको पद रिक्त हुने अवस्थाः** समितिमा मनोनीत सदस्यको पद देहायका अवस्थामा रिक्त भएको मानिनेछः–

(क) निजले मनोनयन गर्ने निकाय समक्ष आफ्नो पदबाट लिखित राजीनामा दिएमा,

(ख) निजको पदावधि समाप्त भएमा,

(ग) निज साहूको दामासाहीमा परेमा,

(घ) निज कुनै फौज्दारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएमा,

(ङ) निज बिना सूचना लगातार तीन पटकसम्म समितिको बैठकमा अनुपस्थित भएमा,

(च) निजको मृत्यु भएमा।

११. **रिक्त स्थानको पूर्तिः** समितिको मनोनीत सदस्यको पद कुनै कारणबाट रिक्त हुन आएमा बाँकी अवधिको लागि निज पहिले जुन प्रक्रियाबाट मनोनयन भएको हो सोही तरिकाबाट मनोनयन गरीरिक्त पदको पूर्ति गरिनेछ।

१२. **समितिको बैठक र निर्णयः**

(१) समितिको बैठक वर्षको कम्तीमा छ पटक बस्नेछ र दुई बैठकबीचको फरक तीन महिनाभन्दा बढी हुने छैन।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) उपपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिका कम्तीमा पच्चीस प्रतिशत सदस्यले समितिको बैठक बोलाउन लिखित अनुरोध गरेमा अध्यक्षले त्यस्तो लिखित अनुरोध प्राप्त भएको मितिले सात दिनभित्र समितिको बैठक बोलाउनु पर्नेछ।

(४) समितिका कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफु मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) समितिको निर्णय व्यवस्थापकले प्रमाणित गर्नेछ।

(८) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आंफैले निर्धारण गरेबमोजिम हुनेछ।

१३. **सदस्यको भत्ता तथा सुविधाः**

(१) समितिको सदस्यले बैठकमा भाग लिए बापत तोकिए बमोजिम बैठक भत्ता पाउनेछ।

(२) समितिका सदस्यले बोर्डको काम गरेबापत पाउने अन्य सुविधा तोकिए बमोजिम हुनेछ।

१४. **सर्वसाधारणको हित हेर्नु पर्नेः** समितिले बोर्डको तर्फबाट काम कारबाही गर्दा सर्वसाधारणको बृहत्तर हित र व्यापक सुविधालाई ध्यानमा राखी गर्नु पर्नेछ र त्यसरी काम गर्दा लागेको लागत खर्च समेतलाई विचार गर्नु पर्नेछ।

## परिच्छेद–४

## व्यवस्थापक तथा कर्मचारीसम्बन्धी व्यवस्था

१५. **व्यवस्थापकको नियुक्तिः**

(१) बोर्डको प्रशासकीय प्रमुखको रुपमा काम गर्न समितिले तोकिए बमोजिमको योग्यता पुगेको व्यक्तिलाई व्यवस्थापकको पदमा नियुक्ति गर्नेछ।

(२) व्यवस्थापकको पदावधि तोकिए बमोजिमा अथवा करार बमोजिम हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यवस्थापकले पदीय जिम्मेवारी पूरा नगरेमा, बोर्डको हित विपरीत कुनै कामकारबाही गरेमा, निज कुनै खराब आचरणमा लागेमा वा समितिले दिएको निर्देशन

अनुरुप निजले काम नगरेमा समितिले तोकिएको प्रक्रिया अपनाई निजलाई जुनसुकै बखत व्यवस्थापकको पदबाट हटाउन सक्नेछ। तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिब मौकाबाट वञ्चित गरिने छैन।

(४) व्यवस्थापकको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त तोकिए बमोजिम हुनेछ ।

**१६. व्यवस्थापकको काम, कर्तव्य र अधिकारः**

व्यवस्थापकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) समितिको निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने गराउने,

(ख) बोर्डको अल्पकालीन तथा दीर्घकालीन योजना, वार्षिक कार्यक्रम र बजेट तयार गर्ने गराउने,

(ग) समितिबाट स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने गराउने,

(घ) बोर्डको लागि आवश्यक कर्मचारी नियुक्तिको लागि समिति समक्ष सिफारिस गर्ने,

(ङ) समितिबाट स्वीकृत हुनु पर्ने प्रस्तावहरु समिति समक्ष पेश गर्ने,

(च) बोर्डले सञ्चालन गरेका कार्यक्रमहरुको नियमित अनुगमन गर्ने ।

(छ) बोर्डको अध्यक्षको निर्देशनमा बैठक आव्हान गर्ने, बैठकको एजेण्डा तय गर्ने ।

(ज) बोर्डका कर्मचारीहरुको कामको अनुगमन, कार्य सम्पादन मूल्याङ्कन गरी अर्धवार्षिक रुपमा बोर्ड समक्ष पेश गर्ने

(झ) तोकिए बमोजिमका अन्य काम गर्ने।

**१७. कर्मचारीसम्बन्धी व्यवस्थाः**

(१) बोर्डमा आवश्यक संख्यामा कर्मचारीहरु रहनेछन्।

(२) देहाय बमोजिम काम, कर्तव्य र अधिकार हुने गरि बोर्डले एक पदपूर्ति समितिको गठन गर्न सक्नेछ।

क. रिक्त रहेका पदहरु पूर्ति गर्न छनौटको प्रक्रिया र नियमावलीको परिधिभित्र रही प्रतियोगिताको किसिम निर्धारण गर्ने,

ख. खुला प्रतियोगिताद्वारा पूर्ति गर्नुपर्ने पदको लागि विज्ञापन गर्ने, परीक्षा लिने र अन्तर्वाता गरी छनौट गरिएका उम्मेदवारहरुलाई नियुक्तिको लागि बोर्डको कार्यसमिति समक्ष सिफारिस गर्ने,

ग. बढुवा प्रयोजनका लागि तोकिएको मापदण्ड तथा बस्तुगत आधारमा पद अनुसारको सुपरीवेक्षक, मुल्याकन र पुनरावलोकन सम्बन्धी व्यवस्था गरी आवश्यक कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन विवरण तयार गरी त्यस्तो विवरण वर्षैपिच्छे भर्न लगाई सम्बन्धित सुपरीवेक्षक, मूल्याङ्कनकर्ता र पुनरावलोकनकर्ताको सिफारिस सहित पेश गर्ने व्यवस्था मिलाई कर्मचारी अभिलेख अद्यावधिक राख्ने ।

घ. मूल्याङ्कनकर्ता र पुनरावलोकनकर्ता बोर्डले तोकेबमोजिम हुनेछ, ।

(३) उपदफा (१) बमोजिमका कर्मचारीको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्तहरु तोकिए बमोजिम हुनेछन्।

## परिच्छेद–५

## बोर्डको विशेषाधिकार

१८. **ऋण तथा सहयोग लिन सक्नेः** बोर्डले आवश्यकता अनुसार नेपालभित्रको कुनै बैङ्क वा वित्तीय संस्था वा विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ वा संस्थाबाट ऋण वा सहयोग प्राप्त गर्न सक्नेछ। तर दातृ निकाय, अन्तर्राष्ट्रिय संघ वा संस्थाबाट ऋण वा सहयोग प्राप्त गर्नु अघि बोर्डले प्रचलित कानुन बमोजिम स्वीकृति लिनु पर्नेछ।

१९. **लगानी गर्न सक्नेः**

(१) बोर्डले दफा २६ बमोजिमको कोषमा रहेको रकम उपभोक्ताको हितलाई ध्यानमा राखी लगानी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गरिने लगानीको क्षेत्र तथा शर्त तोकिए बमोजिम हुनेछन्।

२०. **घर जग्गामा प्रवेश गर्न सक्नेः**

(१) बोर्डको कुनै कर्मचारीले आफ्नो कर्तव्य पालनको सिलसिलामा कुनैउपभोक्ताको घर जग्गामा प्रवेश गर्नु पर्ने भएमा सोको कारण सहितको जानकारी सम्बन्धित व्यक्तिलाई दिई त्यस्तो घर जग्गामा प्रवेश गर्न सक्नेछ। तर कुनै व्यक्तिले सेवाको दुरुपयोग वा सेवाको अनाधिकार उपयोग गरिरहेको छ भन्ने शङ्कागर्नु पर्ने मनासिब आधार र कारण भएमा त्यस्तो घर जग्गामा प्रवेश गर्न जानकारी दिइरहनु पर्नेछैन।

(२) बोर्डको अनुमतिपत्र लिई वा बोर्डसँग सम्झौता गरी सेवा सञ्चालन गर्ने सेवाप्रदायकलाई समेत उपदफा (१) बमोजिमको अधिकार प्राप्त हुनेछ।

२१. **निजी वा सार्वजनिक घर जग्गामा पाइप बिच्छ्याउन सक्नेः**

(१) बोर्डले उपभोक्तालाई खानेपानी वासरसफाई सेवा उपलब्ध गराउने प्रयोजनको लागि निजी वा सार्वजनिक घरजग्गामा पाइप बिच्छ्याउन वा अन्य संरचना बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम पाइप बिछ्याउँदा वा सोसँग सम्बन्धित अन्य संचरना बनाउँदा कुनै व्यक्तिको निजी घर जग्गामा कुनै किसिमले हानि नोक्सानी पर्न गएमा बोर्डले सो बापत सम्बन्धित घर जग्गाधनीलाई मनासिब क्षतिपूर्ति दिनु पर्नेछ।

२२. **सेवा प्रदायकसँग शुल्क लिन सक्नेः**

(१) सेवा प्रदायक संस्था मार्फत संचालन गर्न सक्ने ।

(२) बोर्डले आफ्नो भौगोलिक क्षेत्रभित्र सेवा सञ्चालन गर्ने सेवाप्रदायकसँग तोकिए बमोजिम शुल्क लिन सक्नेछ।

(३) बोर्डले कुनै सेवा प्रदायकलाई आफ्नो सेवा प्रणाली सञ्चालन गर्न अनुमतिपत्र दिएकोमा अनुमतिपत्रमा उल्लेख भएबमोजिमको रकम त्यस्तो सेवा प्रदायकबाट असूल उपर गर्नेछ।

२३. **अतिरिक्त दस्तुर लगाउनेः**

(१) उपभोक्ताले सेवा उपयोग गरेबापत तिर्नु पर्ने महसुल निर्धारित समयभित्र नतिरेमा वा उपभोक्तालाई नियमित सेवा भन्दा थप सेवा उपलब्ध गराइएकोमा त्यस्तो उपभोक्ताबाट बोर्डले तोकिए बमोजिम अतिरिक्त दस्तुर असूल उपर गर्न सक्नेछ।

(२) बोर्डसँग सम्झौता गरी वा बोर्डको अनुमतिपत्र प्राप्त गरी सेवा सञ्चालन गर्ने सेवाप्रदायकले समेत उपदफा (१) बमोजिमको अतिरिक्त दस्तुर लगाउन र उठाउन पाउनेछ।

२४. **सेवा निलम्बन वा अन्त्य गर्न सक्नेः**

(१) यस ऐन वा प्रचलित कानूनबमोजिम निर्धारित महसुल नबुझाउने वा तोकिएको समयमा महसुल नबुझाउने उपभोक्ताको सेवा बोर्ड वा सेवा प्रदायकले निलम्बन वा अन्त्य गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सेवा अन्त्य भएकोमा उपभोक्ताले बोर्ड वा सेवा प्रदायकलाई बुझाउनु पर्ने महसुल तथा अन्य दस्तुर बुझाएमा निजलाई पुनः सेवा प्रदान गरिनेछ।

## परिच्छेद–६

## कसूर तथा सजाय

**२५. कसूर तथा सजायः**

(१) कसैले यो ऐन वा यस अन्तर्गत बनेको नियम प्रतिकूल कुनै काम गरी देहायको कसूर गरेमा बोर्डले त्यस्तो व्यक्तिलाई देहाय बमोजिम सजाय गर्न सक्नेछः–

(क) सेवासँग सम्बन्धित कुनै संरचना, जडान वा पूर्वाधार भत्काए वा बिगारेमा वा अन्य कुनै प्रकारले क्षति पुर्‍याएमा क्षति भएको हानि नोक्सानी भराई कसूरको मात्रा हेरी पचास हजार रुपैयाँसम्म जरिबाना,

(ख) खानेपानीलाई प्रदूषित गराई सार्वजनिक स्वास्थ्यमा प्रतिकूल असर पुर्‍याएकोमा कसूरको मात्रा हेरी पच्चीस हजार रुपैयाँसम्म जरिबाना,

(ग) सेवाको अनाधिकार प्रयोग वा दुरुपयोग गरेमा पन्ध्र हजार रुपैयाँसम्म जरिबाना गरी सेवा बन्द गर्न,

(घ) खानेपानी सेवा संचालनका उपकरण तथा सफ्टवेयर बिगारे वा सेवा प्रदान गर्ने कार्यमा बाधा अवरोध पुर्‍याएमा दश हजार रुपैयाँसम्म जरिबाना,

(ङ) सेवा प्रणालीमा जडित पाइप लाइन चोरी गरेमा, बिगारेमा, भत्काएमा वा नष्ट गरेमा सो कामबाट पुग्न गएको क्षतिको बिगो भराई बिगो बमोजिम जरिबाना गर्न तथा त्यस्तो कार्य गर्ने व्यक्ति उपभोक्ता भए त्यस्ता उपभोक्ताको सेवा छ महिनासम्म बन्द वा निलम्बन गर्न।

(२) सेवा प्रदायकद्वारा सेवा प्रदान भएको अवस्थामा उपदफा (१) बमोजिमको कसूरका सम्बन्धमा सजाय गर्न वा क्षतिपूर्ति भराई माग्न सेवा प्रदायकले बोर्डमा निवेदन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम सेवा प्रदायकले बोर्डसमक्ष दिएको निवेदन उपर छानबिन गर्दा कुनै व्यक्तिले कसूर गरेको ठहरेमा बोर्डले उपदफा (१) बमोजिम उपयुक्त सजाय गर्ने आदेश दिनसक्नेछ।

(४) यस दफा बमोजिम कसूरको छानबिन गरी सजाय गर्न बोर्डले तोकिए बमोजिम न्यायिक समिति गठन गर्न सक्नेछ।

(५) न्यायिक समितिले उपदफा (४) बमोजिम गरेको सजाय उपर सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सकिनेछ।

(६) उपदफा (४) बमोजिम गठित न्यायिक समितिको कार्यविधि तोकिए बमोजिम हुनेछ।

## परिच्छेद–७

## बोर्डको कोष र लेखापरीक्षण

**२६. बोर्डको कोषः**

(१) बोर्डको आफ्नो एउटा छुट्टै कोष हुने छ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम रहनेछन्ः–

(क) नेपाल सरकार वा प्रदेशसरकार वा नगरपालिकाबाट प्राप्त रकम,

(ख) नगरपालिकाले बोर्ड सञ्चालन गर्न तथा खानेपानि तथा सरसफाई निर्माण र मर्मत सम्भारकार्य बोर्ड मार्फत गर्नु पर्ने भएकोले सो प्रयोजनार्थ विनियोजन गरेको वार्षिक रकम ।

(ग) दातृ निकाय, अन्तर्राष्ट्रिय संघ वा संस्था वा बैंक तथा वित्तीय संस्थाबाट ऋण वा अनुदान सहयोग बापत प्राप्त रकम,

(घ) नयाँ धारा जडान गर्दा प्राप्त हुने जडान शुल्क वापतको रकम ।

(ङ) सेवा प्रदायकलाई सेवा प्रणाली उपयोग गर्न दिएबापत प्राप्त रकम,

(च) सेवा प्रदायकबाट अनुमतिपत्र दस्तुरबापत प्राप्त रकम,

(छ) उपभोक्ताले महसुल बापत बुझाएको रकम,

(ज) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) बोर्डको सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(४) बोर्डको कोषमा रहने रकम नेपाल भित्रको कुनै बैङ्क वा वित्तीय संस्थामा खाता खोली जम्मा गरिनेछ र त्यस्तो खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ।

**२७. उपभोक्ता संरक्षण कोषः**

(१) दफा २५ बमोजिम जरिबाना बापत प्राप्त गरेको रकम जम्मा गर्नबोर्डले एउटा उपभोक्ता संरक्षण कोष खडा गर्नेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा जम्मा भएको रकम सेवालाई नियमित गराउन, सेवा प्रणालीको आवश्यकता अनुसार मर्मत सम्भार गर्न वा पुनर्निर्माण गर्न तथा तोकिए बमोजिम उपभोक्तालाई अनुदान दिने काममा प्रयोग गरिनेछ।

(३) कोषको सञ्चालन, व्यवस्थापन र उपयोगसम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछन्।

**२८. लेखा र लेखापरीक्षणः**

(१) बोर्डको आय–व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ।

(२) बोर्डले तोकिए बमोजिम आन्तरिक लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण गर्नु गराउनु पर्नेछ।

(३) बोर्डको आय–व्ययको लेखापरीक्षण समितिले नियुक्त गरेको ईजाजत-पत्र प्राप्त लेखापरीक्षकबाट हुनेछ।

(४) संघीय सरकार, प्रदेश सरकार तथा नगरपालिकाले चाहेमा जुनसुकै बखत बोर्डको लेखा तथा सोसँग सम्बन्धित कागजात जाँच्न वा जाँच गराउन सक्नेछ।

## परिच्छेद–८

## विविध

२९. **निर्देशन दिन सक्नेः** सेवाको गुणस्तर कायम गर्ने, वातावरण संरक्षण गर्ने तथा खानेपानी तथा सरसफाईको गुणस्तर कायम राख्ने सम्बन्धमा नेपाल सरकार/प्रदेश सरकार/ नगरपालिकाले बोर्डलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालन गर्नु बोर्डको कर्तव्य हुनेछ।

३०. **वार्षिक प्रतिवदेन पेश गर्नु पर्नेः**

(१) बोर्डले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीनमहिनाभित्र देहायका कुराहरुसमेत समावेश गरी नगरपालिका समक्ष वार्षिक प्रतिवेदन पेश गर्नुपर्नेछः–

(क) बोर्डको आम्दानी र खर्चको विवरण,

(ख) आफुले वर्षभरी सम्पादन गरेको कामको विवरण र सोको लागि लागेको प्रशासकीय खर्च,

(ग) आगामी वर्षको कार्ययोजना र त्यसको लागि आवश्यक पर्ने अनुमानित बजेट तथा सो को स्रोत,

(घ) तोकिए बमोजिमका अन्य विवरण।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन नगरपालिकाले प्रत्येक वर्ष बोर्डलाई सार्वजनिक गर्न लगाउनेछ।

३१. **उपसमिति गठन गर्न सक्नेः**

(१) बोर्ड गठन पूर्व कायम रहेका खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरु मध्येबाट आवश्यकता अनुसार यस बोर्ड गठन पश्चात तत् तत् भौगोलिक क्षेत्रमा कार्यरत रहने गरी बोर्डले उपसमितिहरु गठन गर्न सक्नेछ।

(२) बोर्ड गठन पश्चात बिभिन्न सरकारी तथा गैरसरकारी निकायहरुले खानेपानी आयोजना निर्माण कार्य बोर्डमार्फत गर्नेछ । यदि ती निकायहरुको नियमानुसार नयाँ उपभोक्ता समिति गठन गर्नै पर्ने भएमा गठित नयाँ खानेपानी योजनाका उपभोक्ता समितिहरु योजना निर्माण सम्पन्न भई सकेपछि बोर्डमा हस्तान्तरण भएमा त्यस्ता उपभोक्ता समितिहरु पनि बोर्डको आवश्यकता अनुसार व्यवस्थापन उपसमितिमा रुपान्तरित हुन सक्नेछ ।

(३) धारा ३१ (१ र २) बमोजिम रुपान्तरित उपसमितिहरुको मुख्य कार्य खानेपानी, सरसफाई तथा स्वच्छता सेवा नियमित रुपमा प्रदान गर्ने कार्यमा बोर्डलाई निरन्तर सहयोग, संचार र समन्वय गर्ने मुख्य जिम्मेवारी रहनेछ।

(४) बोर्डले आफुले गर्नुपर्ने काम कारबाही सुचारुरुपले गर्नको लागि विभिन्न विषयसँग सम्बन्धित विशेषज्ञ, सेवा प्रदायक तथा उपभोक्ताको समेत संलग्नता रहने गरी आवश्यकता अनुसार अन्य थप उप-समितिहरु गठन गर्न सक्नेछ।

(५) उपदफा (१) र (२) बमोजिम गठित व्यवस्थापन उपसमितिको काम, कर्तव्य, अधिकार तथा पदाधिकारीहरुले पाउने सुविधा तोकिए बमोजिम हुनेछन्।

३२. **नगरपालिकासँग सम्पर्कः** बोर्डले नगरपालिकासँग सम्पर्क राख्दा खानेपानी, सरसफाई तथा स्वच्छता सेवा हेर्ने शाखा/उपशाखा/प्रशाखामार्फत राख्नु पर्नेछ।

३३.  **नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न बोर्डले आवश्यक नियम बनाउन वा नियममा संसोधन गर्न सक्नेछ र त्यस्तो नियम नगरपालिकाबाट स्वीकृत भएपछि मात्र लागू हुनेछ।

३४.  **निर्देशिका बनाई लागू गर्न सक्नेः** बोर्डले यो ऐन वा यसअन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ।

हरिपुर नगरपालिका

अनुसूची-१

(दफा ९ को उपदफा (७) सँग सम्बन्धित)

**शपथ**

म... ... ... ... ... ... ...ईश्वरलाई साक्षी राखी/सत्य निष्ठापूर्वक शपथ लिन्छु कि समितिको अध्यक्ष/सदस्यको हैसियतले मलाई सुम्पिएको जिम्मेवारी र कर्तव्य पालन कसैको डर, त्रास, मोलाहिजा, पक्षपात, द्वेष वा लोभमा नपरी निष्पक्ष तथा इमान्दारी पूर्वक गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा जानकारी हुन आएको गोप्य कुरा प्रचलित कानूनको पालनाको सिलसिलामा बाहेक कुनै अवस्थामा कसैलाई कुनै पनि माध्यमबाट आफुपदमा बहाल रहे वा नरहेको जुनसुकै अवस्थामा प्रकट गर्ने छैन।

**मितिः–२०   ।   ।** **दस्तखतः ................**

आज्ञाले<br>दिवाकर भुजेल<br>प्रमुख प्रशासकिय अधिकृत

हरिपुर नगरपालिका